निजगढ नगरपालिका

# नगर कार्यपालीकाको कार्यालय

निजगढ,बारा

## सिलवन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।१२।०६ गते

यस कार्यालयलाई आ.ब. २०७५।२०७६ मा निम्न कार्यहरु सिलवन्दी बोलपत्रवाट Generator खरिद गर्नु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वकको नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक फर्म, व्यवसायीहरुवाट सिलवन्दी वोलपत्र खरिद गर्न यो सुचना आव्हान गरिन्छ। यो सुचना www.nijgadhmun.gov.np मा समेत उपलब्ध छ।

तपसिल

१, प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र वा मिति २०७६।१।५ गते कार्यालय समय भित्र सम्वन्धित कारोवार गर्न इजाजत पत्रको प्रमाणित प्रतिलिपी, सम्वन्धित कम्पनीको अधिकृत विक्रेता तोकिएको पत्र, मुल्यअभिबृद्धि कर दर्ताको प्रमाणित प्रतिलिपी र आ.ब.२०७४।२०७५ को कर चुक्ता पत्र संलग्न राखी यस कार्यालयवाट फिर्ता नहुने गरी नगदै रु ३,०००।- तिन हजार मात्र बुझाई वोलपत्र खरीद गर्न सकिनेछ।

२, फर्मले बोलपत्र पेश गर्दा खाम वाहिर आफनो फर्मको नाम, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७६।१।६ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ। दर्ता भएका बोलपत्र पत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्नेछैन। कारणवश बोलपत्र पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

३, धरौटी वापतको रकम श्री निजगढ नगरपालिका, निजगढको चल्ती खाता नं. ०५०७६००६७६०५००२६ श्री कृषि विकास बैंक, निजगढ बारामा नगद बैक दाखिला गरी भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा १२० दिनको बैंक जमानत सिलवन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ।

४, वोलपत्र पेश गर्दा वोलपत्र दाताले वजार मुल्य भन्दा वढी दररेट उल्लेख गर्न पाईने छैन। वोलपत्र दातालो वजार मुल्य खुलेको कागजात र सवारी साधनको क्याटलक र व्रोसर समेत सिलवन्दी गरी वोलपत्र साथ पेश गर्नु पर्नेछ।

५, सिलवन्दी वोलपत्रमा दररेट उल्लेख गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर उल्लेख गर्नू पर्नेछ। दररेट उल्लेख गर्दा अनिवार्यरुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख हुनु पर्नेछ। अंक स्पष्ट नभएमा अक्षरमा खूलाइएको दररेटलाई मान्यता दिइनेछ।

६, एक पटक पेश भएको सिलवन्दी वोलपत्र फिर्ता वा संशोधन गर्नु परेमा प्रचलित कानुन वमोजिम हुनेछ।

७, सिलवन्दी वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

८, आफुले खरिद गरेको सिलवन्दी वोलपत्र सम्वन्धित फर्मलेनै बुझाउनु पर्नेछ। रित नपुगेको वा म्याद नाघी प्राप्त सिलवन्दी वोलपत्रलाई मान्यता दिइनेछैन।

९, माथी उल्लेखित भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित ऐन कानुन बमोजिम हूनेछ।

| दरभाऊ पत्र नम्वर | कामको विवरण | लागत अनुमान (मुअकर बाहेक) | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|
| २।२०७५।२०७६ | Supply and Delivary of Generator ( 60-65 KVA 1 pcs, 30 KVA 4 pcs.) | ४१,२५,०००।– | १२४,०००।- | |

विश्वकसेन ढकाल

प्रमुख प्रशासकीय अधिकृत